# अर्थ बुलेटिन

वर्ष १ अंक ९

चैत्र, २०७६

**नेपाल सरकार**
**अर्थ मन्त्रालय**



## सम्पादकीय

चालु आर्थिक वर्षको चैत्र महिनामा कोरोना महामारीको कारणले समष्टिगत आर्थिक कियाकलापहरु संकुचित भई आर्थिक परिसूचकहरुमा प्रतिकुल असर देखिएको छ। कूल सरकारी खर्च र राजस्व परिचालन लक्ष्य बमोजिम हुन नसके तापनि गत वर्षको सोही अवधिको तुलनामा उच्च नै रहेको छ। यस अवधिमा निर्यातमा वृद्धि भएको छ भने आयातमा गिरावट आएको छ।वस्तु आयातमा भएको कमीका कारण व्यापार घाटामा सुधार आएसँगै व्यापार असन्तुलन पनि कम हुँदै गएको छ।शोधानान्तर स्थितिमा उल्लेख्य सुधार भएको छ।


यस अवधिमा विदेशी लगानी उल्लेख्यरुपमा बढेको छ भने बैकिङ्ग क्षेत्रको कर्जा प्रवाह पनि बढेको छ।कोरोनाको संक्रमण विश्वभर फैलिएसँगै विभिन्न मुलुकहरुबाट आउने पर्यटक आगमनमा संकुचन आएको छ भने सेवा,व्यापार र निर्माण लगायत विभिन्न आर्थिक कियाकपलापमा समेत प्रत्यक्ष प्रभाव परेको छ।

**प्रकाशन तथा सम्पादन**
आर्थिक नीति विश्लेषण महाशाखा
सिंहदरवार, काठमाडौं

## मुलुकको वर्तमान आर्थिक परिदृष्य

### संघीय सरकारी खर्च


आर्थिक वर्ष २०७६/७७ को चैत्र महिनासम्म संघीय सरकारको कुल खर्च गत आर्थिक वर्षको सोही अवधिको कुल खर्च रु. ६ खर्ब २२ अर्ब २ करोडको तुलनामा ८.५ प्रतिशतले बृद्धि भई रु. ६ खर्ब ७४ अर्ब ८६ करोड पुगेको छ। कुल खर्च मध्ये चालु खर्च रु. ४ खर्ब ९५ अर्ब ४० करोड, पूँजीगत खर्च १ खर्ब ५ अर्ब २२ करोड र वित्तीय व्यवस्था तर्फ रु ७४ अर्ब २४ करोड रहेको छ।




स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।


### राजस्व परिचालन

आर्थिक वर्ष २०७६/७७ को चैत्र महिनासम्ममा कुल राजस्व गत आर्थिक वर्षको सोही अवधिको रु.५ खर्ब ८८ अर्ब ९२ करोडको तुलनामा ५.८ प्रतिशतले बृद्धि भई रु. ६ खर्ब २३ अर्ब ८ करोड पुगेको छ। कुल राजस्वमा कर राजस्व रु. ५ खर्ब ३९ अर्ब ५४ करोड र गैरकर राजस्व रु. ८३ अर्ब ५४ करोड रहेको छ।




स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

**चार्ट (ग): आर्थिक वर्ष २०७५/७६ र २०७६/७७ को चैत्रसम्मको राजस्व संकलनको संरचना**




आ.व. २०७५/७६ आ.व. २०७६/७७

#अन्य अन्तर्गत शिक्षा सेवा शुल्क र अन्य कर समावेश गरिएको छ ।

स्रोत: अर्थ मन्त्रालय

**तालिका (क): राजस्व लक्ष्य र असुली** **रु. अर्बमा**

| राजस्व शीर्षक | आ.व.२०७६/७७ को वार्षिक लक्ष्य | राजस्व असुली | | |
|---|---|---|---|---|
| | | २०७५ चैत्र सम्म | २०७६ चैत्रसम्म | बृद्धिदर |
| भन्सार महशुल | २१३.२० | ११५.५२ | १०९.१५ | -५.५ |
| मूल्य अभिबृद्धि कर | ३१५.०१ | १७२.०५ | १७५.१७ | १.८ |
| आन्तरिक | ११८.३८ | ५९.२२ | ७२.४७ | २२.४ |
| पैठारी | १९६.६३ | ११२.८३ | १०२.७० | -९.० |
| अन्त:शुल्क | १६९.९८ | ८७.०५ | ८३.११ | -४.५ |
| आन्तरिक | १०६.३० | ५०.३८ | ५१.०६ | १.३ |
| पैठारी | ६३.६८ | ३६.६७ | ३२.०५ | -१२.६ |
| आयकर | २८०.३५ | १३६.९० | १५७.६५ | १५.२ |
| अन्य# | ३०.६२ | १८.०२ | १४.४६ | -१९.७ |
| जम्मा कर राजस्व | १००९.१६ | ५२९.५२ | ५३९.५४ | १.९ |
| गैर कर राजस्व | १०२.८७ | ५९.४० | ८३.५४ | ४०.६ |
| कूल राजस्व | १११२.०३ | ५८८.९२ | ६२३.०८ | ५.८ |

#यस अन्तर्गत शिक्षा सेवा शुल्क र अन्य कर रहेका छन्।बहालकर र ब्याजकरलाई आयकरमा गणना गरिएको छ।
स्रोत: अर्थ मन्त्रालय

## करको दायरा विस्तार

२०७६ असारसम्म स्थायी लेखा नम्बर लिने करदाताहरुको संख्या २१ लाख ७२ हजार २ सय रहेकोमा २०७६ चैत्र महिनासम्म यस्तो संख्या ५१.८ प्रतिशतले बढेर ३२ लाख ९६ हजार ६ सय ३३ पुगेको छ। २०७६ चैत्रसम्म व्यवसायिक स्थायी लेखा नम्बर लिने करदाता १३ लाख

६५ हजार ८ सय ५१ तथा व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाता १९ लाख २६ हजार २ सय ४ पुगेका छन्। चालु आर्थिक वर्षको पहिलो ९ महिनामा मात्र व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाता ९ लाख ३३ हजार १ सय २४ थप भएका छन्। २०७६ चैत्रसम्म मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाता २ लाख ५६ हजार २ सय ४५ पुगेका छन्। चालु आर्थिक वर्षको पहिलो ५ महिनामा मात्र ४२ हजार ४ सय ७५ नयाँ करदाताहरु मूल्य अभिवृद्धि करमा दर्ता भएका छन्। २०७६ चैत्रसम्म अन्तःशुल्कमा दर्ता हुने करदाताको संख्या ९७ हजार ८ सय २७ पुगेको छ।

**तालिका (ख): व्यक्तिगत तथा व्यवसायिक स्थायी लेखा नम्बर लिएका करदाताको विवरण**

| दर्ताको प्रकार | २०७६ असारसम्म स्थायी लेखा नम्बर लिएका करदाताको संख्या | २०७६/७७ को चैत्र सम्ममा थप भएका स्थायी लेखा नम्बर लिने करदाताको संख्या | २०७६ चैत्रसम्ममा स्थायी लेखा नम्बर लिने जम्मा करदाताको संख्या | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|
| व्यावसायिक स्थायी लेखा नम्बर (BPAN) | ११७८३८३ | १८७४६८ | १३६५८५१ | १५.९ |
| व्यक्तिगत स्थायी लेखा नम्बर (PPAN) | ९९३०८० | ९३३१२४ | १९२६२०४ | ९४.० |
| करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्वर (WPAN) | ७३७ | ३८४१ | ४५७८ | ५२१.२ |
| **जम्मा स्थायी लेखा नम्बर** | **२१७२२००** | **११२४४३३** | **३२९६६३३** | **५१.८** |
| मूल्य अभिवृद्धि कर | २१३७७० | ४२४७५ | २५६२४५ | १९.९ |
| अन्तःशुल्क | ७७४१४ | २०४१३ | ९७८२७ | २६.४ |

स्रोतः आन्तरिक राजस्व विभाग ,बैशाख २०७७।

## सार्वजनिक ऋण तथा वैदेशिक सहयोग

२०७६ चैतसम्म संघीय सरकारको तिर्न बाँकी खुद सार्वजनिक ऋण रू. ११ खर्ब ९५ अर्ब ६० करोड पुगेको छ। यस मध्ये आन्तरिक ऋण रू. ४ खर्ब ८१ अर्ब ५२ करोड र वैदेशिक ऋण रू. ७ खर्ब १४ अर्ब ७ करोड रहेको छ। यस अवधिमा संघीय सरकारले आन्तरिक ऋण तर्फ रू. २६ अर्ब ५५ करोड वरावरको साँवा भुक्तानी र रू. १४ अर्ब ४९ करोड वरावरको व्याज भुक्तानी गरेको छ। त्यसैगरी, बाह्य ऋणतर्फ सावाँ रू. १२ अर्ब ९८ करोड र व्याज रू. २ अर्ब ८० करोड भुक्तानी गरेको छ।

आर्थिक वर्ष २०७६/७७ को चैत्रसम्म रु. १ खर्ब १८ अर्ब ८१ करोड बराबरको अन्तर्राष्ट्रिय आर्थिक सहायता प्रतिबद्धता प्रास भएको छ। यसमध्ये अनुदान सहायता रु. १६ अर्ब १९ करोड र ऋण सहायता १ खर्ब २ अर्ब ६२ करोड रहेको छ। आर्थिक सहायता प्रतिबद्धतामा अनुदान र ऋणको अंश क्रमशः १३.६ प्रतिशत र ८६.४ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो हिस्सा क्रमशः १२.५९ प्रतिशत र ८७.४१ प्रतिशत रहेको थियो।

चालु आर्थिक वर्षको पहिलो ९ महिनामा संघीय सरकारले प्रास गरेको वैदेशिक अनुदान गत आर्थिक वर्षको सोही अवधिको रू. १६ अर्ब ३८ करोडको तुलनामा ५.१ प्रतिशतले घटेर रू. १५ अर्ब ५४ करोड पुगेको छ। त्यसैगरी, यस अवधिमा संघीय सरकारले प्रास गरेको वैदेशिक ऋण गत आर्थिक वर्षको सोही अवधिको रू. ३७ अर्ब ६१ करोडको तुलनामा १०.५ प्रतिशतले घटेर भई रू. ३३ अर्ब ६६ करोड पुगेको छ। यस अवधिमा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा समग्र वैदेशिक सहयोग प्राप्ति ८.९ प्रतिशतले घटेको छ।

## वित्तीय क्षेत्र

२०७६ फागुनसम्म वाणिज्य बैंकको उपस्थिति भएका स्थानीय तहको संख्या ७४६ रहेको छ। गत वर्षको फागुनसम्म यस्तो संख्या ७१३ रहेको थियो। २०७५ फागुनसम्म बैंक शाखा संख्या ८,०५५ रहेकोमा चालु आ.व. को फागुनसम्म यस्तो संख्या ९,६४० पुगेको छ। वार्षिक बिन्दुगत आधारमा २०७६ फागुन मसान्तमा बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा १४.६ प्रतिशतले बृद्धि भई रु.३२ खर्ब ३४ अर्ब ७९ करोड र बैंक तथा वित्तीय संस्थामा रहेको निक्षेप १६.१ प्रतिशतले बृद्धि भई रु. ३४ खर्ब ९४ अर्ब २१ करोड पुगेको छ ।

## पूँजी बजार

वार्षिक बिन्दुगत आधारमा २०७५/७६ चैत्र मसान्तमा ११८४.०२ विन्दुमा रहेको नेप्से सूचकाङ्क ५.७ प्रतिशतले बृद्धि भई चालु आ.व.को चैत्र मसान्तमा १२५१.४६ विन्दु कायम भएको छ ।

## समग्र मूल्य स्थिति

२०७६ फागुनमा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फिति ६.७ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो दर ४.२ प्रतिशत रहेको थियो।

यस अवधिमा खाद्य तथा पेय पदार्थ समूह अन्तर्गत तरकारी, मसला, दाल तथा गेडागुडी र मासु तथा माछा उपसमूहको मूल्य बृद्धि उच्च रहेको छ।

## बाह्य क्षेत्र

### वस्तु निकासी

आर्थिक वर्ष २०७६/७७ को चैत्रसम्म कुल वस्तु निकासी अघिल्लो वर्षको सोही अवधिको तुलनामा १२.९ प्रतिशतले वृद्धि भई रू. ७८ अर्ब ८२ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु निकासी रू. ६९ अर्ब ८२ करोड रहेको थियो। यस अवधिको कुल निकासीमध्ये भारत, चीन र अन्य देशहरुतर्फ भएको निकासीको अंश क्रमशः ७०.३ प्रतिशत, १.४ प्रतिशत र २८.३ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो अनुपात क्रमशः ६३.३ प्रतिशत, २.२ प्रतिशत र ३४.५ प्रतिशत रहेको थियो। चालु आर्थिक वर्षको चैत्रसम्ममा भारततर्फको निकासी २५.४ प्रतिशतले बढेको छ भने चीन र अन्य देशहरुतर्फको निकासी क्रमशः २८.१ प्रतिशत र ७. ५ प्रतिशतले घटेको छ। यस अवधिमा पाम आयल र भटमासको तेल (प्रशोधित) को निकासी बढेको छ।

**तालिका (घ) : २०७६ चैत्र महिनासम्ममा निकासी भएका प्रमुख ५ वस्तुहरु (रु. अर्बमा)**

| क्र.सं. | वस्तु | २०७५ चैत्र | २०७६ चैत्र | बृद्धि प्रतिशत |
|---|---|---|---|---|
| १ | प्रशोधित पाम तेल | ५.६६ | १६.७८ | १९६.६ |
| २ | भटमासको तेल प्रशोधित | १.४७ | ७.८२ | ४३२.५ |
| ३ | सेन्थेटिक यार्न | ७.२० | ६.१८ | -१४.१ |
| ४ | उनी गलैंचा कार्पेट | ५.७३ | ५.२२ | -८.९ |
| ५ | तयारी कपडा | ४.३० | ३.९० | -९.२ |
| ६ | अन्य | ४५.४६ | ४२.३३ | -६.९ |

स्रोतः भन्सार विभाग, २०७७।

### वस्तु पैठारी

आर्थिक वर्ष २०७६/७७ को चैत्र मसान्तसम्म कुल वस्तु पैठारी रू. ९ खर्ब ८२ अर्ब ५३ करोड रहेको छ। यस्तो पैठारी गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ७.४५ प्रतिशतले न्यून हो। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो पैठारी २१.७३ प्रतिशतले बढेर रु.१० खर्ब ६१ अर्ब ६१ करोड रहेको थियो। चालु आर्थिक वर्षको पहिलो ९ महिनाको कुल पैठारी मध्ये भारत, चीन र अन्य देशहरुबाट भएको पैठारीको अंश क्रमशः ६१.३३ प्रतिशत, १५.७ प्रतिशत र २२.९७ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो अंश क्रमशः ६४.७० प्रतिशत, १४.५० प्रतिशत र २०.८० प्रतिशत रहेको थियो। चालु आर्थिक वर्षको मंसिरसम्म भारतबाट र भएको पैठारी १२.२६ प्रतिशतले घटेको छ भने चीन र अन्य देशबाट भएको पैटारी क्रमश ०.२२ प्रतिशत र २.१९ प्रतिशतले बढेको छ। मुख्य पाँच वस्तुको पैठारी मूल्यको आधारमा हेर्दा यस अवधिमा सबै वस्तुको पैठारी घटेको छ।

**तालिका (ङ) : २०७६ चैत्र महिनासम्ममा पैठारी भएका प्रमुख ५ वस्तुहरु (रु. अर्बमा)**

| क्र.सं. | वस्तुको नाम | २०७५ चैत्र | २०७६ चैत्र | बृद्धि प्रतिशत |
|---|---|---|---|---|
| १ | डिजेल | ८४.५२ | ७१.१४ | -१५.८ |
| २ | एम. एस. बिलेट | ५१.८५ | ३४.३८ | -३३.७ |
| ३ | पेट्रोल | २५.७६ | २५.४४ | -१.२ |
| ४ | एल पि ग्यास | २६.९७ | २५.०३ | -७.२ |
| ५ | तयारी कपडा | २५.५४ | २१.५१ | -१५.८ |
| ६ | अन्य | ८४६.९७ | ८०५.०४ | -४.९ |

स्रोतः भन्सार विभाग, २०७७।

### व्यापार सन्तुलन

आर्थिक वर्ष २०७६/७७ को चैत्रसम्ममा कुल वस्तु व्यापार घाटा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ८.९ प्रतिशतले घटेर रू. ९ खर्ब ३ अर्ब ७२ करोड कायम रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा वस्तु व्यापार घाटा २२.१ प्रतिशतले बढेको थियो।

### सेवा व्यापार

आर्थिक वर्ष २०७६/७७ को पहिलो ८ महिनामा सेवा आय रू. १ खर्ब १९ अर्ब ३१ करोड र सेवा खर्च रू. १ खर्ब २४ अर्ब ४२ करोड भई खुद सेवा आय रू. ५ अर्ब ११ करोडले घाटामा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा खुद सेवा आय रू. ११ अर्ब १ करोडले घाटामा रहेको थियो।

पर्यटन आयमा ११.० प्रतिशतको वृद्धि र शिक्षा तर्फको खर्चमा २५.५ प्रतिशतले कमी आएको कारण सेवा क्षेत्रको असन्तुलनमा पनि सुधार हुँदै गएको छ।

### विप्रेषण आप्रवाह तथा वैदेशिक रोजगार

आर्थिक वर्ष २०७६/७७ को पहिलो आठ महिनामा विप्रेषण आय रू. ५ खर्ब ९२ अर्ब ४२ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो आय रू. ५ खर्ब ८२ अर्ब १९ करोड रहेको थियो।

### चालु खाता एवम् शोधानान्तर स्थिति

आर्थिक वर्ष २०७६/७७ को पहिलो ८ महिनामा शोधानान्तर स्थिति रू. ३७ अर्ब ८४ करोडले वचतमा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा शोधानान्तर स्थिति रू. ५८ अर्ब ९९ करोडले घाटामा रहेको थियो। त्यसैगरी यस अवधिमा चालु खाता रू. १ खर्ब २४ अर्ब ९३ करोडले घाटामा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो घाटा रू. १ खर्ब ९१ अर्ब ४९ करोड रहेको थियो।

### विदेशी विनिमय सञ्चिति

२०७६ असार मसान्तमा विदेशी विनिमय सञ्चिति रू. १० खर्ब ३८ अर्ब ९२ करोड रहेकोमा २०७६ फागुन मसान्तमा यस्तो सञ्चिति ९.४ प्रतिशतले बढेर रु.११ खर्ब ३६ अर्ब ५१ करोड पुगेको छ।

२०७५ फागुन मसान्तमा यस्तो सञ्चिति रू.१० खर्ब ६१ अर्ब ७१ करोड रहेको थियो। आर्थिक वर्ष २०७६/७७ को पहिलो ८ महिनाको आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिले ८.८ महिनाको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त रहने देखिन्छ।

### वैदेशिक लगानी

आर्थिक वर्ष २०७६/७७ को पहिलो आठ महिनामा खुद प्रत्यक्ष विदेशी लगानी गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १३४.५ प्रतिशतले बढेर रु. १५ अर्ब ६१ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो लगानी रु.६ अर्ब ६५ करोड रहको थियो।

### विनिमय दर

२०७६ असार मसान्तमा नेपाली रुपैयाको अमेरिकी डलर १ को खरिद विनिमयदर रू. १०९.३६ रहेकोमा २०७६ फागुन मसान्तमा नेपाली रुपैया अमेरिकी डलरसँग ७.७ प्रतिशतले अवमूल्यन भई रु.११८.४४ रहेको छ।

### अन्य आर्थिक गतिविधि

### कम्पनी दर्ता

आर्थिक वर्ष २०७६/७७ को चैत्रसम्ममा कम्पनी दर्ताको संख्या गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ११.८ प्रतिशतले घटेर १७ हजार ४ सय ८० रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो संख्या १९ हजार ८ सय ३ रहेको थियो। कोरोना भाइरस महामारीको कारणले यस्तो संख्या घटेको हो।

### पर्यटक आगमन

सन् २०२० को अप्रिलसम्म हवाई मार्गबाट नेपाल आउने पर्यटकको संख्या ४७.६ प्रतिशतले घटेर १ लाख ७७ हजार ८५ पुगेको छ। सन् २०१९ को सोही अवधिमा यस्तो संख्या ३ लाख ३७ हजार ९ सय ८३ रहेको थियो।कोरोना भाइरसको प्रकोपका कारण वाह्य र आन्तरिक आवागमनमा गरेको बन्दले पर्यटकको संख्यामा कमी आएको हो।

#### विद्युत उपभोग

चालु आर्थिक वर्ष २०७६/७७ को फागुनसम्म विद्युत उपभोग गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १५.३ प्रतिशतले वढेर ४६८३.२३ गिगावाट घण्टा पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो उपभोग ४०६३.६२ गिगावाट घण्टा रहेको थियो।

## मन्त्रालयका गतिविधीहरु

- कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण र उपचारको लागि चालिएका कदमहरुबाट अति प्रभावित हुने श्रमिक तथा निम्न वर्गीय व्यक्तिको दैनिक जीवन यापनलाई सहज बनाउन तथा उद्योग व्यवसायहरुको संरक्षणका लागि २०७६ चैत्र १६ को मन्त्रिपरिषदको निर्णयानुसार राहत कार्यक्रमहरू स्वीकृत गरी कार्यान्वयनमा लगिएको छ ।
- अत्यावश्यक वस्तु तथा कच्चा पदार्थको आयातलाई निन्तरता दिन तथा मालवस्तु जाँचपासमा आउन सक्ने बाधाहरुलाई तत्काल निवारण गर्न Quick Response Team (QRT) गठन गरी देशभरका भन्सार विन्दुहरुबाट हुने आयात निर्यातमा सहजीकरण गर्ने, अत्यावश्यक वस्तुको जाँचपास २ घण्टा भित्र सम्पन्न गर्ने व्यवस्था मिलाइएको छ। मालवस्तुको आयात निर्यातलाई प्राथमिकताका आधारमा जाँचपास गर्ने गरी सुरक्षित जाँचपास सम्बन्धी निर्देशिका जारी गरिएको छ।
- कोरोना रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समितिले दैनिक उपभोग्य वस्तुको सहज आपूर्तिका लागि चीनतर्फका नाका खोल्ने निर्णय गरे बमोजिम तातोपानी भन्सार कार्यालय चैत्र १४ गते देखि खुलेको छ। तोकिएका सबै मापदण्ड पूरा गरेर भन्सार कार्यालय सञ्चालनमा आएका छन्।
- भन्सार जाँचपासलाई थप सुरक्षित र व्यवस्थित गर्न Risk Management लाई थप प्रभावकारी बनाइएको छ। जाँचपासलाई शीघ्र र सुरक्षित गर्न सक्कल कागजातको सट्टा Copy Documents का आधारमा समेत जाँचपास गरिएको छ।
- २०७६ चैत्र २५ गते सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी राष्ट्रिय जोखिम मूल्याङ्कनको मस्यौदा प्रतिवेदन सम्बन्धमा विश्व बैंकसँग भिडियो कन्फरेन्स गरिएको छ।
- नेपाल विद्युत प्राधिकरणबाट संचालित विभिन्न ११ आयोजनाहरुमा रु ३ अर्ब १४ करोड ऋण लगानी गरिएको छ।
- नेपाल राष्ट्र बैंक लाई रु १ खर्व ९४ अर्ब बराबरको आन्तरिक ऋण उठाउन कार्यदेश दिइएको छ।

## अन्य गतिविधीहरु

- माननीय अर्थमन्त्री डा. युवराज खतिवडासँग नेपालका लागि भारतका नवनियुक्त महामहिम राजदूत विनय मोहन क्वात्राले २०७६ चैत्र ७ गते अर्थ मन्त्रालयमा शिष्टाचार भेट गर्नु भयो। उक्त भेटमा अर्थमन्त्री डा. खतिवडाले नवनियुक्त राजदुतलाई स्वागत गर्दै सफल कार्यकालको लागि शुभकामना दिनुभयो। साथै, नेपालको विकासमा भारत सरकारले गरेको सहयोगको लागि धन्यवाद दिनुभयो ।
- माननीय अर्थमन्त्रीले कोरोना महामारीको समस्याबाट नागरिकको स्वास्थ्य र सुरक्षामा कुनै जोखिम आउन नदिन दुवै देशका नाकाहरुमा निगरानी बढाउनुपर्ने, विकास आयोजनाहरुको सहज कार्यान्वयनका लागि हाल देखिएका सबै समस्याहरु समाधान गरी भारतीय सरकारको सहयोगमा सञ्चालित विभिन्न पूर्वाधार आयोजनाहरुको निर्माण कार्यमा तिव्रता दिन र परियोजनाहरु तोकिएकै समयमा सम्पन्न हुने वातावरण निर्माण गर्ने, नेपाल र भारतबीच हुनसक्ने अवैध र अनौपचारिक व्यापारलाई नीतिगत र प्रणालीगत समन्वय र सहकार्यबाट नियन्त्रण गरी व्यापार, लगानी र वित्तको क्षेत्रको सुदृढीकरण गर्न संयुक्त प्रयास गर्ने कुरामा जोड दिनुभयो।
- महामहिम राजदूत क्वात्राले नेपाल र भारतबीच लामो सम्बन्ध भएको उल्लेख गर्दै आफ्नो कार्यकालमा नेपालसँग सहकार्य गर्दै अगाडि बढ्ने बताउनु भयो। उहाँले भारत सरकारले आगामी दिनमा नेपाल सरकारलाई सहयोग बढाउने बताउनु भयो।



*माननीय अर्थमन्त्री डा. युवराज खतिवडा नेपालका लागि भारतका महामहिम राजदूतसँग शिष्टाचार भेट गर्नुहुँदै*

- २०७६ चैत्र १२ गते माननीय अर्थमन्त्री डा. युवराज खतिवडाको उपस्थितिमा दक्षिण एक्षियाली राष्ट्रहरुका अर्थमन्त्री तथा अन्य उच्च पदस्थ पदाधिकारी एवं अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व बैंक लगायत अन्य अन्तर्राष्ट्रिय वित्तीय संस्थाका उच्च पदस्थ पदाधिकारीबीच हालै विश्वभर फैलिएको कोरोना महामारीले अर्थतन्त्रमा पारेको एवम् पार्न सक्ने प्रभाव र यसलाई सम्बोधन गर्ने उपायबारे भिडियो कन्फरेन्स मार्फत छलफल सम्पन्न भयो।



- माननीय अर्थमन्त्रीले विश्वव्यापी रुपमा फैलिएको कोरोना महामारीले नेपालमा परेको असर र नेपाल सरकारले सोको रोकथाम र नियन्त्रणका लागि हालसम्म गरेको प्रयासबारे जानकारी गराउनुभयो। राज्यको क्षमता सीमित हुँदा क्षति पुगेका वास्तविक वर्ग र क्षेत्रलाई तत्काल र ठूलो सहयोग उपलब्ध गराउने विषय चुनौतीपूर्ण रहेको हुनाले कोरोना प्रभावबाट भएको क्षति परिपूरण गर्न नेपाल जस्ता कम क्षमता र श्रोत भएका मुलुकहरुका लागि अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरुले विशेष सहयोग गर्नु पर्ने तथा क्षेत्रीय सहयोगका सम्भावित सबै संयन्त्र उपयोग गर्नु पर्ने बताउनुभयो।
- २०७६ चैत्र २५ गते नेपालमा कोरोना भाइरस परिक्षण रोकथाम तथा नियन्त्रण गर्न COVID-१९ Emergency Response and Health Systems Preparedness Project अन्तर्गत रु. २९ मिलियन अमेरिकी डलर बराबरको सम्झौतामा अर्थ मन्त्रालय र विश्व बैंकबीच हस्ताक्षर भएको छ।
- माननीय अर्थमन्त्री डा.युवराज खतिवडाको उपस्थितिमा २०७६ चैत्र २८ गते बहुपक्षीय विकास बैकहरु, अन्तर्राष्ट्रिय मुद्रा कोष, अन्तर्राष्ट्रिय वित्त निगम लगायत संयुक्त राष्ट्र संघका उच्च पदस्थ पदाधिकारीसँग कोरोना भाईरसले नेपालको अर्थतन्त्र तथा जनजीवनमा पारेको एवम् पार्न सक्ने प्रभाव, कोभिड १९ रोकथाम तथा नियन्त्रणमा नेपाल सरकारले हालसम्म चालेका संस्थागत र कार्यक्रमिक कदमहरु तथा

नेपालले आगामी दिनमा चाल्नुपर्ने कदमहरू बारे भिडियो कन्फरेन्स मार्फत छलफल सम्पन्न भएको छ ।



*माननीय अर्थमन्त्री डा. युवराज खतिवडा बहुपक्षीय विकास बैंकहरु, अन्तर्राष्ट्रिय मुद्रा कोष, अन्तर्राष्ट्रिय वित्त निगम लगायत संयुक्त राष्ट्र संघका उच्च पदस्थ पदाधिकारीबीच कोरोना भाईरसले नेपालको अर्थतन्त्र तथा जनजीवनमा पारेको प्रभाव र नेपाल सरकारले गरेको प्रयास सम्बन्धी छलफलमा भिडियो कन्फरेन्स मार्फत सहभागिता जनाउनुहुँदै*

- अर्थमन्त्री डा. खतिवडाले अहिलेको संकटको दायरा फराकिलो र असर पनि सर्वथा उच्च भएकोले यसबाट उम्कन र विकासको पुनरुत्थान गर्न पनि अभूतपूर्व सामाजिक र आर्थिक उपायहरू अपनाउनुपर्ने बताउनु भयो। यो विश्वव्यापी संकटको समाधान विश्वव्यापी प्रयास, साझेदारी र सहयोगबाट मात्र सम्भव भए तापनि देश भित्रको संकट व्यवस्थापनमा राष्ट्रिय प्रयास सर्वोपरी रहनेमा जोड दिनु भयो । साथै अर्थमन्त्री डा. खतिवडाले कोरोना संक्रमण र नियन्त्रण तथा यस क्रममा अर्थतन्त्रमा देखा परेका चुनौती समाधान गर्न नेपालले कुनै कसर बाँकी नराख्ने विश्वास दिलाउँदै यसमा अन्तर्राष्ट्रिय, क्षेत्रीय तथा द्विदेशीय सहयोगको पनि उत्तिको आवश्यकता रहेको बताउनु भयो ।